# विद्यालय शिक्षामा राज्यको लगानी र शैक्षिक उपलब्धिहरुको संरचनागत विश्लेषण

**गेहेन्द्रप्रसाद दाहाल [a]**

[a] महेन्द्ररत्न क्याम्पस ताहाचल, त्रिभुवन विश्वविद्यालय

Email: gehendra.dahal@mrc.tu.edu.np

*Article Info:*
Received: August 2, 2023
Revised: September 14, 2023
Accepted: September 24, 2023

*विशेष शब्द* **:** विद्यालय शिक्षा, राज्य, लगानी, प्रतिफल

**अध्ययन सार:** विश्वभर शिक्षामा क्रमिक सुधार हुँदै जाने क्रममा आधुनिक युगको सुरुवात हुन थाल्यो । नेपालमा परम्परागत रुपमा गुरुकुलबाट सुरुवात भएको हिन्दु वैदिक शिक्षाबाट नै शिक्षाको विकास र सुधार सुरु भएको इतिहास भेटिए तापनि धैरै लामो समयसम्म राज्यले आफ्नो दायित्व लिएको भेटिदैन । वि.सं. १९१० मा दरबार स्कुलको स्थापनासँग आधुनिक शिक्षा प्रणालीको सुरुवात भए पनि वि.सं. २००७ को राजनैतिक परिर्वतनसम्म पुग्दा साक्षरता २ प्रतिशत मात्र रह्यो । संवैधानिक रूपमा नै शिक्षामा लगानी गर्न प्रोत्साहित गरे अनुरूप नेपालको संघीय बजेटको ठुलो हिस्सा विद्यालय शिक्षा सुधारमा खर्च भएको छ । शिक्षामा भएको खर्चले शैक्षिक प्रतिफलसँग प्रत्यक्ष सम्बन्ध राख्छ । लगानी गर्दा निर्दिष्ट गरेका उद्देश्यहरू पूरा भएका छन् छैनन् भन्ने विषयको अध्ययननको थप आवश्यकता भएकोले यो अध्ययन गरिएको छ । छोटो समयावधिमा द्वितीय स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गरेर परिमाणात्मक र वर्णनात्मक व्याख्या गरी पूरा गरिएको यो अध्ययनले विभिन्न प्रकाशन, लेख रचना तथा प्रकाशित अनुसन्धानलाई समेटेको छ ।अध्ययनले देखाएको नतिजाअनुसार विद्यालय शिक्षामा भएको थप लगानी तथा यसको व्यवस्थापन र परिचालनमा भएको सुधारले शिक्षा क्षेत्रको विकास एंवम् आधुनिकीकरण प्रक्रियामा धैरै संरचनागत सुधार भएर महत्वपूर्ण उपलब्धिहरु हाँसिल गर्न सकिने देखिएको छ । विद्यालय शिक्षामा गरिएको लगानीको वृद्धि र दीर्घकालीन रणनितिक योजनाहरुले गर्दा शैक्षिक उपलब्धि र देशको ग्राहस्थ उत्पादनमा शिक्षाको योगदान बढदै गएको तथ्याङ्कले देखाएको छ । वर्षेनी बढ्दै गएको साक्षरता प्रतिशतको दरलाई लगानीको उचित प्रतिफलको रुपमा समेत लिन सकिन्छ र विभिन्न शैक्षिक तथ्याङ्कहरुले सरकारले शिक्षा क्षेत्रमा थप गरेको लगानीको सकारात्मक प्रतिफल प्राप्त गर्दै गरेको अवस्थालाई चित्रित गरेका छन् । यद्यपि शिक्षा क्षेत्रमा भएको लगानीलाई समतामुलक,उपलब्धिमुलक बनाउन खर्च प्रणालीलाई थप पारदर्शी तथा नियमित अनुगमन र मूल्याङकनको व्यवस्था गरिनु जरूरी छ । यो अध्ययनले शिक्षा क्षेत्रको वर्तमान अवस्था र शैक्षिक क्षेत्र, विशेषत विद्यालय शिक्षामा विगतदेखि गरिएको लगानीको प्रतिफल सम्बन्धमा थप अध्ययन गर्न चाहानेलाई सहयोग पुग्नेछ । शैक्षिक नतिजा हेर्ने क्रममा प्रयोग भएका तथ्याङ्कहरूको संरचनागत विश्लेषण गरिएको यो अध्ययनले देखाएको नतिजा सबैका लागि थप उपयोगी हुन सक्ने देखिन्छ ।

## पृष्ठभूमि

### शिक्षा प्रणालीको परिचय

मानव सभ्यताको विकासको शुरुआत सँगै शिक्षाको सुरुआत भएको हो । प्रारम्भमा शिक्षाको स्वरुप अनौपचारिक नै थियो । प्रारम्भमा गुरु शिष्य परम्परावाट सुरुआत र विकसित हुँदै आएको शिक्षा लिने विस्तारै विस्तारै औपचारिक हुन थालेको पाइन्छ । संस्थागत, विद्यागत र संरचनागत रुपमा सन् ४० को दशकबाट शुरु भई ६०,७० को दशकमा अनौपचारिक शिक्षाको समेत व्यापक विकास र विस्तार हुन गयो (अनौपचारिक शिक्षा केन्द्र, २०६४, पेज १) । मानव विकासको क्रम सँगै शिक्षा हासिलगर्ने प्रकृयामा पनि परिवर्तन हुँदै शिक्षालाई परिवार, समाज र राज्यको दायित्वको रुपमा बुझिन थाल्यो । यो प्रकृयाले शिक्षामा विभेदीकरणको जन्म भई समाज, राष्ट्रको विकासको प्रकृयामा शिक्षा प्राप्ती समस्याको रुपमा देखिन थाल्यो । जसको फलस्वरुप शिक्षा प्राप्तिको अवसर विस्तारै विस्तारै हुने खानेको पहुचमा मात्र सिमित हुन पूग्यो । यसले गर्दा जातीय, वर्गीय, लैङ्गिक विभेद बढ्दै गएर आर्थिक विकासमा पछाडी परेकाहरुको शिक्षामा पहुच कम हुन थाल्यो । यो क्रम एक्काइसौ सताब्धीमा पुग्दा अझबढि विभेदकारी भएर देखापरेको छ । विभेदकारी शिक्षा पद्धतिले ल्याएका विकृतिहरु बढ्दै जादा शैक्षिक क्षेत्रको सुधारका कार्यहरु गर्नुपर्ने आवश्यकता महसुस हुन थाल्यो । विभिन्न राष्ट्रहरुमा शिक्षाको विकास र विस्तार सुरु भयो । शिक्षा प्राप्त गर्नुपर्ने सबै नागरिकको पहुचको लागि विभिन्न सामुदायिक विद्यालयहरुको धारणा विकास हुन थाल्यो ।

अर्थशास्त्रिय बहुलताले मागपक्षिय सुधार खोज्यो । यो खोजाइमा लगानीका अनेक प्रकारका विविध स्वरुप, तौर तरीकाहरु भित्रिए । वंगलादेशमा जस्तो छात्रवृत्ति दिने व्यवस्था तथा वेलायत, अष्ट्रेलिया, पोल्याण्ड र पाकिस्तानमा निजि विद्यालयलाई सरकारी सहायता दिने प्रवन्ध एवं बेलिज र लेसेथोमा सरकार र जनताको साझेदारीको व्यवस्था गरियो । बोत्स्वाना, ब्राजिल, चिन, तान्जानिया, भारत र मौरिससमा मिलित कोष (Matcing Fund) को प्रबन्ध गरियो भने चिलि, कोलम्बीया, गाम्बीया, अमेरीकामा भाउचर प्रणालिको व्यवस्था गरियो । चिन, मेक्सीकोमा विद्यार्थी ऋणको व्यवस्था गरिएको छ (कोइराला, २०६१, पेज ७८) । शिक्षा क्षेत्रका सुधारका विभिन्न प्रकारका प्रयोग एवं संरचनागत सुधारहरु विभिन्न राष्ट्रहरुले अगाडि बढाइरहदा सरकारी लगानी र दायित्वको स्वरुपमा समेत बदलाव आउन थाल्यो ।

### नेपालमा शिक्षाको विकास

नेपालमा शिक्षा प्रणालीको इतिहास अध्ययन गर्दा परम्परागत हिन्दु बैदिक शिक्षाको लामो इतिहास पाइन्छ । यद्यपी नेपालको एकिकरण भन्दा पहिले र एकिकरण भएपछि समेत राज्यले शिक्षालाई आफ्नो दायित्वमा लिएको देखिदैन । त्यस बेला विभिन्न धार्मिक तथा सामाजिक संघ, संगठन, गुठिहरु तथा व्यक्तिहरुको दाता तथा सर्वसाधारणको प्रयासबाट मात्रा शिक्षाक्षेत्रमा हुने खर्चको प्रबन्ध गरिन्थ्यो ।

वि.सं. १९१० मा दरवार स्कूलको स्थापना सँगै नेपालमा अंग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो । उच्च शिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको पाइन्छ । नेपालमा वि.सं. २००७ सालभन्दा पहिले शिक्षाको पहुच ज्यादै सिमित व्यक्ति र समुदायमा मात्र भएकोले आम सर्वसाधारणहरुमा शिक्षाको अवसर प्राप्त थिएन । वि.सं. २००७ सालमा नेपालको साक्षरता दुई प्रतिशत मात्र थियो (शिक्षा मन्त्रालय, २०६९, पेज.४) । वि.सं. २००७ सालमा शैक्षिक संस्थाहरु ३२१ प्राथमिक पाठशाला, ११ वटा माद्यमिक विद्यालय र एउटा त्रिचन्द्र कलेज सञ्चालित थियो (राष्ट्रिय शिक्षा आयोग, पेज ११-१२) । यसरी वि.सं २००७ सालसम्म अति न्यून संख्यामा विद्यालयहरु रहेका र त्यसमा पनि सिमित व्यक्ति, वर्गको मात्र पहुँच भएको अवस्थालाई अध्ययन गर्दा नेपालमा औपचारीक शिक्षा प्रणलिको इतिहास धेरै पुरानो भेटिदैन । नेपाल राष्ट्रिय शिक्षा आयोग-२०११ र राष्ट्रिय शिक्षा पद्धतिको योजना-२०२८ पछि मात्र नेपालमा विद्यालय शिक्षाको योजनावद्ध विकास शुरु भएको हुदा नेपालको सार्वजानिक शिक्षाको इतिहास ६ दशक पुरानो छ (शिक्षा मन्त्रालय, २०७३ क, पेज ३) । वि.सं. २०२८ को नयाँ शिक्षा पद्धतिको विकास सँगै सर्वसाधारणमा शिक्षाको पहुँच बढ्ने तथा विस्तार र गुणस्तर वृद्धिगर्ने क्रममा तिव्रता आएको छ । वि.सं. २०३७ पछि विभिन्न शिक्षा परियोजनाहरु मार्फत शिक्षाको गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरु तिव्ररुपमा अगाडि बढाएका छन् । वि.सं. २०४६ पछि सरकारले गठन गरेको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि.सं.२०४९ मा उच्च स्तरिय आयोगले वि.सं. २०५५ मा प्रतिवेदन पेश गरेपछि

प्राप्त सुझावहरु कार्यन्वयनमा लैजाने प्रयासहरु भईरहेका छन् । हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (एस एस डि पी, सन् २०१६-२०२०) मार्फत विद्यालयको समग्र पक्षमा सुधारगर्ने प्रयास गरिनुका साथै उच्च शिक्षाको सुधारको लागि समेत उच्च शिक्षा सुधार परियोजन (सन् २०१५-२०२०) कार्यान्वयनमा रहेको छ (शिक्षा मन्त्रालय, २०७३क, पेज ६) । परम्परागत ढंगले संचालन भएर क्रमशः विकशित हुँदै आएको नेपालको शिक्षा प्रणाली वर्तमान अवस्थामा आइपुग्दा विभिन्न नीति, नियम, ऐन, कानुनहरुका माध्यमबाट विद्यालय सञ्चालनमा विविध व्यवस्था गरिएको छ । सरकारी विद्यालयका अतिरिक्त सरकारबाट अनुदान प्राप्त हुने विद्यालयलाई संस्थागत विद्यालयको रुपमा समेत व्यवस्थित गरिएको छ ।

**विद्यालय शिक्षामा लगानी**

सरकारको तर्फबाट शिक्षा क्षेत्रमा राष्ट्रिय वजेटको ठूलो हिस्सा छुट्याइने तथ्यले पनि शिक्षा राष्ट्रको प्राथमिकता क्षेत्र भएको औंल्याउँछ । शिक्षामा सार्वजनिक खर्चको आयतन बढ्दै गएर राष्ट्रिय बजेटको सबैभन्दा बढि हिस्सा शिक्षा क्षेत्रले नै प्राप्त गर्दै आएको छ । सन् १९९९ मा कुल गार्हस्थ उत्पादनको २.४ प्रतिशत शिक्षामा लगानी हुने गरेकोमा सन् २०१० सम्ममा यो बढेर ४.७ प्रतिशत पुगेको थियो । शिक्षा क्षेत्रमा छुट्याइएको बजेटको ८० प्रतिशत भन्दा बढि रकम विद्यालय शिक्षा (कक्षा १ देखि १२ सम्म) मा जान्छ । स्थानिय तह जिल्ला, गाउबाट समेत विद्यालयमा उल्लेख्य अनुदान जाने साथै अभिभावक र घर परिवारले पनि शिक्षामा ठूलो लगानी गर्दछन् (शिक्षा मन्त्रालय, २०७३ख, पेज ६) । यद्यपी नेपालमा विद्यालय  शिक्षामा अभिभावकले गर्ने लगानीको स्वतन्त्र अध्ययन हुन सकेको छैन ।

हालै शिक्षा मन्त्रालय र राष्ट्रसंघिय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) ले गरेको अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनले नेपालको शिक्षामा वर्षेनि हुँदै आएको कूल लगानीको ४८.४ प्रतिशत खर्च अभिभावकको तर्फबाट हुँदै आएको तथ्य सार्वजनिक भएको छ । शिक्षामा भएको कूल लगानीको ३५.९ प्रतिशत खर्चमात्र शिक्षा मन्त्रालयले व्यहोर्ने र अन्य खर्च अन्य स्रोतबाट हुने गरेको छ । शिक्षामा शिक्षा मन्त्रालय बाहेक अन्य मन्त्रालयबाट ०.६ प्रतिशत, स्थानिय निकायले १.२ प्रतिशत, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले १.१ प्रतिशत तथा अन्य गैर सरकारी संस्थाले १.१ प्रतिशत लगानी गर्दै आएका छन् । शिक्षामा भएको लगानीको ०.२ प्रतिशतमात्र विदेशी ऋण सहायता रहेको छ (अधिकारी, २०७६, प्यारा.२) । अध्ययन प्रतिवेदनले नेपालको विद्यालय शिक्षामा हुने लगानीमा अभिभावकको हिस्सा अत्यधिक हुने तथ्याङ्क देखाएको छ । विद्यालय शुल्क निःशुल्क भनि सरकारी घोषणा गरिए पनि सरकारी र सार्वजनिक विद्यालयहरुमा अभिभावकले धेरै शुल्क तिर्न वाध्य भइरहेको अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ विद्यालय शिक्षामा सुलभ र गुणस्तरीय सेवा प्रदान गरिरहेका भनिएका निजि क्षेत्रबाट स्थापित संस्थागत विद्यालयहरुले प्रदान गर्ने शिक्षा अझै महँगो हुदै गइरहेको छ ।

**समस्या कथन**

शिक्षाको उत्थान मानव सभ्यता सँगसँगै भएको हो । शिक्षा लिने, दिने क्रम अनौपचारिकबाट विस्तारै औपचारिक शिक्षा पद्धतितर्फ लाग्यो । शिक्षा औपचारीक हुँदै गर्दा शिक्षाको आवश्यकता र उपयोगिता तथा महत्वबारेमा थप प्रष्ट हुँदै गयो । औपचारीक शिक्षा प्रारम्भ भएको लामो समय सम्म पनि राज्य (सरकार) को प्राथमिकतामा नपरेको शिक्षा क्षेत्र विस्तारै कल्याणकारी राज्यहरुको अवधारणाले गर्दा राज्यको प्राथमिकतामा पर्न थाल्यो । शिक्षाको आवश्यकता सबैलाई हुन थाल्यो, प्रतिस्पर्धात्मक शिक्षाले गुणस्तरमा वृद्धि हुन थाले पनि शिक्षा प्रणाली महँगो समेत हुदै गयो, सबैले सहजै शिक्षा प्राप्त गर्न नसक्ने अवस्था बढ्दै गयो । समाजको आर्थिक, सामाजिक विकास सँगसँगै शिक्षा क्षेत्रमा असमानता बढेर जान थाल्यो । व्यक्ति र समाजमा विभेदीकरणको जन्म हुनुमा शिक्षा प्राप्ती क्षेत्रको भूमिका निर्णायक रह्यो । शैक्षिक असमानता विच केहि देशहरुले सहज शिक्षा प्राप्तिलाई नागरिकको अधिकारको रुपमा लिन थाले पछि मानव अधिकारको अङ्गको रुपमा शिक्षा समेत जोडियो ।

नेपालमा शिक्षालाई मौलिक हकको रुपमा लिदै नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुचको हक हुने छ भनि उल्लेख गरिएको छ (नेपाल सरकार, २०७२, पेज १४) । नेपालमा संवैधानिक व्यवस्थाले समेत शिक्षा क्षेत्रमा ठूलो लगानी गर्न प्रोत्साहन गरेको छ । शिक्षा

क्षेत्रमा छुट्याइएको बजेटको ठूलो हिस्सा विद्यालय शिक्षामा लगानी भएको छ। विद्यालय शिक्षामा भएको धेरै सरकारी खर्चको शैक्षिक प्रतिफलसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । शिक्षा क्षेत्रमा विशेष गरेर विद्यालय शिक्षामा भएको सरकारी लगानीको सदुपयोग भएको छ, छैन तथा लगानी गर्दा निर्दिष्ट गरेका उदेश्यहरु पुरा हुन सकेका छन्, छैनन् भन्ने प्रश्न उठ्छ । यस्ता विषयहरुमा अध्ययन अनुसन्धानको आवश्यकता छ । यस अध्ययनको प्रमुख उदेश्य विद्यालय शिक्षामा सरकारी लगानीको अवस्थाको अध्ययन गर्नु हो । सरकारी अनुदान प्राप्त विद्यालयहरुमा भएको लगानी ( खर्च), विद्यार्थीहरुले प्राप्त गरेको शैक्षिक उपलब्धि तथा उत्पादनमा शिक्षा क्षेत्रको योगदानको अध्ययन गर्ने थप उदेश्यहरु लिइएका छन् ।

## पूर्व साहित्य समीक्षा

शिक्षा प्रणालीको विकास, विस्तार, विद्यालय शिक्षा, सरकारी अनुदान खर्च एवं उपलब्धी सम्बन्धमा विभिन्न लेख, रचना, अनुसन्धान एवं प्रकाशन भएका छन् । कोइराला, डा. विद्यानाथ (२०६१) का अनुसार सार्वजनिक विद्यालयको व्यवस्थापन नेतृत्वगर्ने व्यक्ति तागतवान व्यक्तित्व हुनुपर्ने र स्वतस्फुर्त इमान्दार हुनुपर्ने औँल्याउँदै सबैका रुची, आवश्यकता र समस्यालाई समायोजित गर्न सक्ने व्यक्तिको खोजि गर्न सकेमात्र सामुदायिक विद्यालय चल्ने उल्लेख गरिएको छ ।

श्रेष्ठ, चन्द्रबहादुर (२०७४) को शिक्षामा समता र समानता सम्बन्धी लेखमा स्रोत साधनको प्रयोग, अधिकार, कर्तव्यको प्रयोग सहज रुपमा हुन नसकेको एवं न्याय खर्चिलो भएको उल्लेख छ । यसै गरी शैक्षिक अवसर प्रदान गर्दा समानताको आधारमा नभई सबै व्यक्तिको आफ्नो योग्यता र क्षमता अनुसार समता वा निस्पक्षताका आधारमा अवसर पाउनु पर्छ भन्ने उल्लेख छ ।

UNESCO (2004 AD) ले गरेको 'गुणस्तर सुधार सम्बन्धमा स्कुलहरुको मुल्याङ्कन' सेमिनारमा नेपाल लगायत वंगलादेश, इण्डानेशिया, मलेसिया र फिलिपिन्सको अध्ययन गरेको रिपोर्ट छ । यि मुलुकहरुमा विद्यालय शिक्षामा सुधार गर्न नितिगत परिवर्तनलाई जोड दिइएको छ। स्कुलमा लिइने परीक्षाको नतिजाको आधारमा मात्र प्रतिफल हाँसिलगर्ने परिपाटीले शिक्षा केवल परीक्षा केन्द्रित मात्र बन्न सक्ने र शिक्षक सिकाई व्यवहारिक हुन नसक्ने औल्याएको छ ।

बुढाथोकी, गजेन्द्र (२०७२) प्रकाशित लेख अनुसार शिक्षामा लगानी र प्रतिफल विच खाडल छ । लक्षित वर्गका लागी छुट्याइएको बजेट कूलीन र घरानियाकोमा केन्द्रित भएर स्रोत परिचालनको क्षेत्रमा समस्या बनिरहेको छ । शिक्षा क्षेत्रमा छुट्याइएको बजेटलाई उचित परिचालन गरेमात्र मानव पूजीको विकासलाई बल पूऱ्याउछ । शिक्षा प्राप्तीको अवसर कमजोर हुँदा दक्ष जनशक्ति उत्पादन हुन सक्दैन । दक्ष जनशक्ति विकास गर्न शिक्षामा ध्यान दिनै पर्छ ।

श्रेष्ठ, इन्दिरा (२०६४) अनुसार शिक्षा क्षेत्रमा हाम्रो देश ज्यादै पिछडिएको र महिला शिक्षाको अवस्था अत्यन्त कमजोर छ । राज्यले अल्पकालिन र दीर्घकालिन महिला शिक्षा निति कार्यन्वयन गर्दै साक्षरता बृद्धिगर्ने, भेदभाव हुन नदिने, महिलाले बेरोजगार बस्नु नपर्ने कार्यक्रम ल्याउनु पर्छ । लैङ्गिक समानता र दिगो विकासका लागि महिला शिक्षाको विकास र अवसर आजको आवश्यकता भएकोले विभिन्न निति तथा कार्यकमहरु तर्जुमा गरी महिलावर्गलाई शिक्षाको मूलधारमा ल्याई सामाजिक न्याय दिनु राष्ट्रको कर्तव्य हुने निष्कर्ष छ ।

Tamang P. (2011 AD) ले भारतमा भएको शिक्षा क्षेत्रको खर्च र आर्थिक वृद्धिको सम्बन्धलाई व्याख्या गरेका छन् । इकोनोमेट्रिक मोडल अनुसार टाइम सेरिज डाटाको माध्यमबाट सन् १९८० देखि सन् २००८ सम्मको तथ्याङ्कको नजिता अनुसार भारतीय अर्थतन्त्रमा एक श्रमिकको भौतिक पूजी १ प्रतिशत बढाउदा ०.२८ प्रतिशत GDP बढेको र १ प्रतिशत शिक्षा क्षेत्रमा सरकारी खर्च बढाउदा GDP मा श्रमिकको योगदान ०.११ प्रतिशत बढेको देखिएको छ। यसले शिक्षामा भएको खर्च र आर्थिक वृद्धि दर विच सकारात्मक प्रभाव परेको देखिएको छ ।

Shrestha and Bhattrai (2015 AD) को नेपालको शिक्षा क्षेत्रमा भएको समष्टिगत खर्च र यसले GDP मा ल्याउने परिर्वतनको सन् १९९४ देखि सन् २०१४ सम्मको २० वर्षको अध्ययन गरेको छ। टाइम सेरिज डाटाबाट इकोनोमेट्रीक्स मोडल प्रयोग गरिएको अनुसन्धानले शिक्षाको माध्यमवाट कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग

वढाउदा उत्पादन क्षेत्रमा वृद्धि ल्याउने भएकोले कृषि क्षेत्रमा प्रविधिक शिक्षामा र बन विज्ञानको क्षेत्रमा समेत शिक्षामा लगानी वढाउनुपर्ने आवश्यकता औंल्याउँछ ।

शिक्षा क्षेत्रमा गरिएका लगानी सम्बन्धी विगतमा गरिएका धेरै अध्ययनहरूले अन्य क्षेत्रलाई समेट्दासमेत निश्चित समयावधिसम्मका विद्यालय क्षेत्रमा भएका लगानी र शैक्षिक नतिजा हेर्ने क्रममा प्रयोग भएका तथ्याङ्कहरूको संरचनागत विश्लेषण गरिएको यो अध्ययनले देखाएको नतिजा सबैका लागि थप उपयोगी हुन सक्छ । विभिन्न इम्पेरिकल अध्ययन अनुसन्धान तथा शिक्षाका क्षेत्रका विज्ञहरु, पत्रकारहरुले गरेका विभिन्न अनुसन्धानले शिक्षा र कृषि शिक्षाको अध्ययन गरेको भेटिए तापनि प्रस्तुत अध्ययनले शिक्षा क्षेत्रको विद्यालय शिक्षामा गरिएको लगानी र प्रतिफलको अध्ययन गरेकाले सवैलाई उपयोगी हुने विश्वास लिइएको छ ।

## अध्ययन विधि

विद्यालय शिक्षामा भएको सरकारी लगानी खर्च र यसवाट प्राप्त भएको प्रतिफल सम्बन्धमा द्धितिय स्रोतबाट लिइएको तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरिएको छ । सरकारी क्षेत्रवाट विद्यालय शिक्षामा गरेको पाँच वर्ष ( २०७१-२०७५साल ) को लगानी र विद्यार्थीले सोहि अवधि भित्र प्राप्त गरेको परीक्षाको नतिजा सहित गार्हस्थ उत्पादनमा विभिन्न वर्षहरुको शिक्षाको योगदान सम्बन्धी तथ्याङ्कहरु शिक्षा मन्त्रालयवाट प्रकाशित बुलेटिन र अर्थ मन्त्रालयवाट प्रकाशित आर्थिक सर्वेक्षणबाट लिइएको छ । अध्ययनलाई आवश्यक अन्य तथ्याङ्क विभिन्न प्रकाशन, लेख, रचना तथा प्रकाशित अनुसन्धानहरुवाट समेत लिइएको छ । द्धितिय स्रोतवाट लिएका विभिन्न तथ्याङ्कहरुलाई परिमाणत्माक र वर्णनात्मक व्याख्या गरिएको एवम् तथ्याङ्कीय नतिजाहरुको खर्च र उपलव्धि सम्बन्धमा तुलनात्मक अध्ययन गरि विश्लेषण गरिएको छ ।

## वित्तिय व्यवस्था तथा उपलव्धिहरुको विश्लेषण

### *विद्यालय क्षेत्र विकास योजना*

नेपाल सरकारको वित्तिय व्यवस्थापन क्षेत्रमा सुधार योजनाहरुले शिक्षाको वित्तिय प्रणालीमा केन्द्र, प्रान्त र स्थानिय सरकारको साझेदारी रहने उलेख छ । स्रोत साधनको व्यवस्थापन परिचालन गर्न सरकारी क्षेत्रसंग निजि क्षेत्रको र समूदायको समेत खर्च व्यवस्थापनमा साझेदारि हुन सकेमात्र वित्तिय व्यवस्था र स्रोत्त परिचालन दिगो प्रकृतिको हुनसक्छ । यसलाई मध्यनजर राखेर विद्यालय क्षेत्रको दिर्घकालीन विकास योजनाको लागि बनाईएको वित्तिय नितिले शैक्षिक विकासका लागि पर्याप्त वित्तिय स्रोत्त जुटाउनु, शैक्षिक निति निर्देशनका लागि पर्याप्त स्रोत्त साधन उपलव्ध गराउनु, उपलव्ध स्रोत्त साधनको प्रभावकारी व्यवस्थापन गर्नु जस्ता उद्देश्य लिएको छ (शिक्षा मन्त्रालय, २०७३क, पेज ११०) । उद्देश्यहरु पूरा गर्न केन्द्रीय संघिय र स्थानिय सरकारको समन्वयमा निजि क्षेत्र र समुदायको विच साझेदारि गराएर शिक्षाको गुणस्तर कायम गर्ने तथा विद्यालयलाई नै जवाफदेहि वनाउनु पर्ने हुन्छ । विद्यालय शिक्षामा हुने खर्चलाई व्यवस्थीत र बढि उपयोगी बनाउन नितिगत व्यवस्था तथा रणनितिहरु तयार गरेर बजेट अनुमान गर्दा स्रोत्त थैलिको अनुमानित वित्तिय व्यवस्था गरिएको देखिन्छ । यसरी व्यवस्थापन गर्दा कुल गार्हस्थ उत्पादन मुद्रास्फिति दर, कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको हिस्सा र शिक्षा क्षेत्रमा छुटाइएको कुल बजेटमा विद्यालय शिक्षा क्षेत्रले ओगटेको हिस्साको आधारमा दिर्घकालिन विद्यालय क्षेत्र विकास योजनाको स्रोत थैलि आकलन गरिएको छ, दिर्घकालिन रुपमा सात वर्ष समयाअवधिलाई समेट्ने लक्ष्य लिइएको छ । यसलाई निम्न अनुसार तालिका वाट प्रष्ट्याउन सकिन्छ ।

तालिका १. *कुल गार्हस्थ उत्पादन (विद्यालय क्षेत्र विकास योजनाको लागत अनुमान)*

(मुद्रा विनिमय दर अमेरिकी डलर १ : नेपाली रु. १०५)

| शिर्षक/आ.व | इकाई | सन् २०१४/१५ | सन् २०१५/१६ | सन् २०१६/१७ | सन् २०१७/१८ | सन् २०२२/२३ |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनको वास्तविक वृद्धि | % | २.३ | ०.८ | ३.० | ४.० | ५.४ |
| मूद्रास्फीतिमा वृद्धि | % | ७.२ | १०.० | १०.० | ८.० | ८.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनको वृद्धि वर्तमान मूल्य | % | ९.५ | १०.८ | १३.० | १२.० | १३.४ |
| कुल गार्हस्थ उत्पादनमा सरकारी खर्चको हिस्सा | % | २५.१ | ३१.२ | ४१.३ | ४१.३ | ४१.३ |
| कूल गार्हस्थ उत्पादनमा शिक्षाको हिस्सा | % | ३.८ | ३.९ | ४.६ | ५.२ | ५.५ |
| शिक्षाको बजेटमा विद्यालय क्षेत्र विकास योजनाको हिस्सा | % | ८०.४ | ८०.३ | ८१.२ | ८१.२ | ८१.२ |

स्रोत : शिक्षा मन्त्रालय, २०७३क, पेज ११२

उल्लिखित तथ्याङ्कहरु सन् २०१४/१५ का वास्तविक हुन् भने सन् २०१५/१६ का परिमार्जित एवं सन् २०२२/२३ का लागि अनुमानित हुन् । सन् २०१४/१५ मा ७.२ प्रतिशत रहेको मुद्रास्फिति दर सन् २०१५/१६ मा १० प्रतिशत रहेको तथ्याङ्क छ भने सन् २०२३ सम्ममा मूद्रास्फिति दर ८.० प्रतिशत रहने अनुमान गरेको देखिन्छ । त्यसैगरी कुल गार्हस्थ उत्पादनमा शिक्षाको हिस्सा सन् २०१४/१५ मा ३.८ प्रतिशत रहेको र यो दरमा क्रमश वृद्धि हुँदै सन् २०१५ /१६ मा ३.९ प्रतिशत र सन् २०२३ मा पुग्दा ५.५ प्रतिशत सम्म पुग्ने अनुमान छ । विद्यालय क्षेत्रमा छुट्याइएको बजेट शिक्षा क्षेत्रमा छुट्याइएको कूल बजेट सन् २०१४/१५ मा ८०.४ प्रतिशत रहेको थियो । यो बजेट सन् २०१५/१६ मा ८०.३ प्रतिशत पुगेकोमा सन् २०२२/२३ सम्ममा ८१.२ प्रतिशत कायम राख्ने अनुमान गरेको छ । यो निक्कै चुनौतिपूर्ण छ । यद्यपी नेपाली मूद्राको विदेशी मूद्रा सँगको विनियम दरमा परिवर्तन भइरहने र स्थायित्व हुन नसक्ने अवस्थाले थप चुनौति बढाउने देखिएता पनि कूल बजेट बाट शिक्षा क्षेत्रमा छुट्याइएको बजेट मध्ये आ.व. २०२२/२३ सम्ममा विद्यालयमा शिक्षाको बजेट ८१.२ प्रतिशत सम्म पुऱ्याउने र यसलाई निरन्तरता दिने कार्यले शिक्षा क्षेत्रमा हुने खर्चमा सुधार आई विद्यालय शिक्षाको गुणस्तर बढाउन महत्वपूर्ण सहयोग पूग्ने छ । सरकारले दिर्घकालिन रुपमा विद्यालय क्षेत्रको विकास योजनामा विभिन्न शिर्षकहरुमा सन् २०१६/१७ देखि सन् २०२०/२१ सम्मको वर्तमान मूल्यमा हुने अनुमानित खर्च विवरण निम्न तालिका अनुसार रहेको छ ।

तालिका २. *विद्यालय शिक्षाका क्षेत्रमा शिर्षकका आधारमा खर्चको ढाँचा (वर्तमान मूल्यमा)*

(नेपाली रुपया दश लाखमा)

| | शिर्षक | रकम | प्रतिशतमा |
|---|---|---|---|
| क. | तलब तथा परिश्रमिक | ४४३१४४ | ६५.३ |
| ख. | कार्यक्रम खर्च | १८४६८४ | २७.२ |
| | अ. सुचना तथा संचार प्रविधि | १४३६४ | २.१ |
| | आ. पाठ्यपुस्तक तथा सिकाई सामाग्रि | ४५२८३ | ६.७ |
| | इ. छात्रवृत्ति तथा प्रोत्साहन | ४०५१५ | ६.० |
| | ई. निर्माण कार्य + | ३६१३१ | ५.३ |
| | उ. उपकरण तथा जडान सामग्री | ७३२५ | १.१ |
| | ऊ.तालिम तथा क्षमता विकास | १८१४९ | २.७ |
| | ऋ. अन्य सबै क्षेत्र ++ | २२९१५ | ३.४ |
| ग. | व्यवस्थापन तथा प्रशासनिक खर्च | ५०५२५ | ७.४ |
| | विद्यालय क्षेत्र जम्मा | ६७८३५३ | १०० |

स्रोत : शिक्षा मन्त्रालय, २०७३क, पेज ११६

*+ राष्ट्रिय पूननिर्माण प्राधीकरणबाट विद्यालय क्षेत्रमा निर्माण कार्य बाहेकका विपत जोखिम न्यूनिकरणको कार्य कार्यन्वयन गरिने ।*

*++ समाहित शिक्षा अनुगमन अन्य कार्यक्रम खर्च, कार्यक्रम/विद्यालय सञ्चालन खर्च निति निर्देशिकाको पुनरावलोकन तथा विकासका लागि लागत समाविष्ट ।*

तालिका २ अनुसार, विद्यालय क्षेत्र विकास योजना अन्तर्गत सरकारले पहिलो पाँच वर्षे कार्यक्रमको अवधिमा विद्यालय क्षेत्रमा जम्मा ६७८३५.३० करोड रुपैयाँ लगानी गर्ने अनुमान छ । यो रकमको अधिकांस हिस्सा तलब भत्तामा जाने देखिन्छ । विद्यालय क्षेत्रमा छुट्याइएको कुल बजेटको ६५.३ प्रतिशत तलब भत्तामा, २७.२ प्रतिशत विभिन्न उपशिर्षकहरुमा छुट्याइएका कार्यक्रमहरुमा र ७.४ प्रतिशत व्यवस्थापन तथा प्रशासनिक क्षेत्रमा खर्च हुने अनुमान गरिएको छ ।

### *विद्यालय, शिक्षक र विद्यार्थीको अवस्था*

नेपाल सरकारले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको तह निर्धारण गर्दा आधारभूत तह : कक्षा १ देखि कक्षा ८ सम्म र माद्यमिक तह : कक्षा ९ देखि १२ सम्म कायम गरेको छ । आ.व. २०७४ /७५ को तथ्याङ्क अनुसार नेपाल आधिराज्य भरिमा विद्यालय संख्या ३५०५५ रहेको र त्यस मध्ये सामुदायिक विद्यालय २७७२८, संस्थागत विद्यालय ६२०६ र विभिन्न धार्मिक क्षेत्रका ११२१ वटा छन् (अर्थ मन्त्रालय, २०७६, पेज १३२) । विद्यालय संख्याको आधारमा सामुदायिक विद्यालय तर्फ ७९.१ प्रतिशत, संस्थागत विद्यालय तर्फ १७.७० प्रतिशत र अन्य विद्यालय ३.२ प्रतिशत हिस्सा रहेको छ । त्यसै गरि विद्यालय तहमा अध्ययनरत कुल शिक्षक संख्या ३१७४४९ भएकोमा महिला शिक्षक १२७११३ र पुरुष शिक्षक १९०३३६ संख्या छ । सामुदायिक विद्यालय तर्फ कूल शिक्षक संख्या २३०१६० र संस्थागत विद्यालय तर्फ शिक्षक संख्या ८७२८९ रहेको छ (ऐ.ऐ., पेज १३३) । कूल शिक्षक मध्ये सामुदायिक विद्यालयका शिक्षक ७२.५० प्रतिशत र संस्थागत विद्यालयका शिक्षक २७.५० प्रतिशत देखिन्छ । २०७४/७५ मा आधारभूत तह कक्षा १-८ सम्म भर्ना भएका विद्यार्थीसंख्या ५५५५३७९ छ भने माद्यमिक तर्फ नै कक्षा ९-१० मा १०२७५१२ र कक्षा ११-१२ मा भर्ना भएका विद्यार्थी संख्या ६३१६३४ छन् । यसरी आ.व. २०७४/७५ मा कक्षा १ देखि कक्षा १२ सम्म विद्यालय भर्ना भएका कूल विद्यार्थी संख्या ७२१४५२५ रहेकोमा छात्रा तर्फ ३६०७७५९ र छात्र तर्फ ३६०६७६६ रहेको छ (ऐ.ऐ., पेज १३५) । विद्यालयमा छात्रा र छात्रको भर्ना दर क्रमश : ५०.०१ प्रतिशत र ४९.०९ प्रतिशत छ । यसले विद्यालय शिक्षामा छात्रा र छात्रको समान प्रवेश दरलाई देखाउछ । विगत पाँच वर्षको विद्यालय तहमा विद्यार्थी भर्ना अवस्था निम्नानुसार तालिकाबाट थप प्रस्ट हुन्छ ।

तालिका ३. *विद्यालय तहमा विद्यार्थी भर्ना संख्या*

| तह/शै.स. | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| कक्षा १-८ | ६१७०६६८ | ६१२७८१५ | ५९९४६१२ | ५८३६७३२ | ५५५५३७९ |
| कक्षा ९-१० | ९००५८५ | ९३८८९७ | ९५८५०२ | ९७०७२० | १०२७५१२ |
| कक्षा ११-१२ | ४१६९९५ | ४५०७५३ | ४९२९८४ | ५८४०७२ | ६३१६३४ |
| जम्मा | ७४८८२४८ | ७५१७४६५ | ७४४६०९८ | ७३९१५२४ | ७२१४५२५ |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज १३५

विद्यालय तहमा विद्यार्थी भर्नाको दरलाई अध्ययन गर्दा आधारभूत तह तर्फको विद्यार्थी भर्नादर प्रत्येक वर्ष घट्दै गइरहेको छ । यद्यपि माद्यमिक तह (कक्षा ९-१२) मा भर्ना भएका विद्यार्थीसंख्यामा वृद्धि देखिन्छ । आधारभूत तहमा अध्ययन गर्न विद्यालय भर्ना हुने दर घट्दै गएकोमा जनसंख्याको प्रभाव एउटा कारक तत्व हुन सक्छ भने अर्कोतर्फ यसको कारण पत्ता लगाउन थप अध्ययन र अनुसन्धान आवश्यक छ ।

### *विद्यालय शिक्षामा लगानी संरचना*

विद्यालय शिक्षा सम्बन्धि संवैधानिक व्यवस्थाले गर्दा अनिवार्य तथा निः शूल्क शिक्षा सम्बन्धि ऐन, २०७५ जारी भएको छ । ऐनको परिच्छेद ३ (६) मा प्रत्येक स्थानिय तह मार्फत राज्यले चार वर्ष पुरा भई १३ वर्ष उमेर पुरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने तथा परिच्छेद ३ (७) मा प्रत्येक बालबालिकालाई निजको उमेर अनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनु पर्ने (नेपाल कानुन आयोग, २०७५, पेज ४) भन्ने उल्लेख छ । देशको राष्ट्रिय बजेटको ठूलो हिस्सा शिक्षा क्षेत्रमा लगानी हुँदै आएको अवस्थामा संविधानले नै विद्यालय तह सम्मको निःशुल्क शिक्षा प्रत्याभूत गरेपछि अनिवार्य

तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ कार्यान्वयन हुने चरणमा प्रवेश गरेको छ । यसले शिक्षामा सबै बालबावलीकाहरुको अनिवार्य पहुचलाई स्थापित गर्दै सरकारी लगानीमा वृद्धि गर्दै लैजानुपर्ने बनाएको छ । केन्द्रिय सरकार मार्फत प्रदेशिक र स्थानिय तहलाई समेत माध्यमिक तहसम्मको रकम अनुदान जाने हुँदा विद्यालय शिक्षामा हुने खर्चमा क्षेत्रगत विविधता पाइन्छ ।

शिक्षा क्षेत्रमा छुट्याइने बजेट विश्वव्यापी प्रचलनमा न्यूनतम दश प्रतिशत भन्दा बढि रहे पनि नेपालमा विगत ५ वर्षको तथ्याङ्क अध्ययन गर्दा कुल राष्ट्रिय वजेटबाट शिक्षा क्षेत्रमा छट्याउने बजेटको प्रतिशत घट्दो क्रममा देखिएको छ । यसमा वृद्धि गरेर संविधानले व्यवस्था गरेको विद्यालय शिक्षा अनिवार्य निःशुल्क र गुणस्तरीय बनाउने प्रत्याभूतिलाई सघाउ पूऱ्याउन आवश्यक छ । विगत पाँच वर्षको देशको कूल वजेट र शिक्षा क्षेत्रमा छुट्याएको बजेटको विवरण तालिका निम्नानुसार छ ।

तालिका ४. *कुल बजेट, शिक्षा क्षेत्रमा छुट्याएको बजेट संरचना*

(रु हजारमा)

| विवरण / आ.व. | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| कुल राष्ट्रिय बजेट | ५१७२४०००० | ६१८१००००० | ८१९४६८८८४ | १०४८९२१३५४ | १२७८९९४८५५ |
| शिक्षा क्षेत्रमा छुट्याइएको बजेट र यसको हिस्सा | ८०९५८०८० (१५.६५ %) | ८६०३४०५५ (१३.९२ %) | ९८६४२८२६ (१२.०४ %) | ११६३६०६४९ (११.०९ %) | १२६६२०४९० (९.९ %) |
| शिक्षा क्षेत्रमा छुट्याइएको बजेटमा सरकारी खर्चको हिस्सा (प्रतिशतमा | ७७.८४ | ८०.११ | ७४.८७ | ९१.१२ | - |
| शिक्षा क्षेत्रमा छुट्याइएको बजेटमा बैदेशिक सहायताको हिस्सा (प्रतिशतमा) | २२.०८ | १३.३६ | १४.६८ | ८.८८ | - |

स्रोत : Ministry of Education, science and Technology, 2018 AD, P 29-30

देशको कुल बजेट रकममा दुई अंकको वार्षिक वृद्धि दर भइरहदा समेत विगत पाच वर्ष देखि कुल बजेटको शिक्षा क्षेत्रमा छुट्याइएको हिस्सा घट्दै गएको छ । आ.व. २०७०/७१ मा कुल बजेटको १५.६५ प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याएको थियो भने आ.व. २०७४/७५ मा पुग्दा घटेर ९.९ प्रतिशत हुन पुग्यो । यसले नेपालको शैक्षिक क्षेत्र तर्फको लगानीमा सरकारी उदाशिनतालाई देखाउछ । वैदेशीक सहायताको प्रतिशत हेर्दा शिक्षामा वैदेशिक सहायताको हिस्सा पनि घट्दै गएको देखिन्छ । राष्ट्रिय बजेटको औषत पन्ध्र प्रतिशतबाट घट्दै आएर नौ प्रतिशत भन्दा केहि बढि रकममात्र शिक्षा क्षेत्रमा छुट्याएको बजेट संरचनामा उक्त रकम मध्ये विद्यालय शिक्षामा छुट्याइएको रकमको विवरण निम्नानुसार छ ।

तालिका ५. *शिक्षा क्षेत्रमा छुट्याइएको बजेटबाट विद्यालय शिक्षा क्षेत्रमा विभिन्न वर्षमा छुट्याइएको बजेट*

(प्रतिशतमा)

| शिक्षा/ वर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| आधारभुत शिक्षा | ६०.३ | ४५.२८ | ५४.०९ | ५१.१६ | ५१.५५ |
| माध्यमिक शिक्षा | १९.० | १९.८९ | २०.९९ | २२.७० | २३.५१ |

स्रोत : Ministry of Education, science and Technology, 2018 AD, P 30

आ.व. २०७०/७१ देखीको तथ्याङ्क अनुसार शिक्षा क्षेत्रमा भएको लगानी मध्ये औषत असी प्रतिशतको हाराहारीमा विद्यालय शिक्षामा खर्च भएको देखिन्छ । यसले सरकारको शैक्षिक क्षेत्रको लगानीको ठूलो हिस्सा आधारभूत शिक्षामा लगानी भएको देखाउँछ । आ.व. २०७०/७१ मा आधारभूत शिक्षामा कूल शिक्षामा भएको लगानीको ६०.३ प्रतिशत भएको छ । आ.व. २०७४/७५ मा पुग्दा यो लगानी ५१.५५ प्रतिशत पुगेको छ भने माध्यमिक शिक्षा तर्फ आ.व. २०७० /७१ मा भएको १९.० प्रतिशतबाट बढेर आ.व. २०७४/७५ मा पुग्दा २३.५१ प्रतिशत पुगेको छ। शिक्षा क्षेत्रमा भएको सरकारी लगानी खर्च (चालु खर्च र पूँजिगत खर्च)को विवरण निम्नानुसार छ ।

तालिका ६. *विद्यायल शिक्षामा चालु खर्च विवरण*

(रु. करोडमा)

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/६५ |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक र प्राथमिक शिक्षा | २८३६.२४ | २८४५.६२ | ४४२६.७८ | ३५.४२ | ८.७६ |
| माध्यमिक शिक्षा | १४२४.९१ | १४३७.५१ | ११५८.८० | ०.०० | ०.०० |

स्रोतः अर्थ मन्त्रालय, २०७६, पेज अनुसुची २३

चालु खर्चको विवरण अनुसार शिक्षा क्षेत्रमा छुट्याइएको रकम घट्दो दरमा गएको छ । पूर्ण प्राथमिक र प्राथमिक शिक्षा जसलाई आधारभूत शिक्षा मानिन्छ, यस क्षेत्रमा हुने खर्च रासी घट्दै गइरहेको छ भने माद्यमिक शिक्षा क्षेत्रमा समेत घट्दै गएको र आ.व. २०७३ /७४ पछीको खर्चको तथ्याङ्क सुन्यमा झरेको पाइन्छ । विद्यालय शिक्षा तर्फको पुजीगत खर्च विवरणमा आधारभूत तह (पूर्व प्राथमिक र प्राथमिक शिक्षा) तर्फको निम्नानुसार छ ।

*तालिका ७ . विद्यालय शिक्षामा पुजीगत खर्च विवरण*

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक र प्राथमिक शिक्षा | ०.१६ | ०.१२ | ०.१५ | ०.१५ | ०.०५ |
| माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज अनुसुची २४

विद्यालय शिक्षामा पूँजीगत खर्चको प्रतिशत आ.व. २०७१/७२ देखि नै क्रमश : घट्दै गएको छ । पूँजीगत खर्च घट्दै आ.व. २०७४/७५ मा ६.५ लाखमा सिमित भएको छ। शिक्षा क्षेत्रमा वैदेशिक अनुदानको समेत हिस्सा रहदै आएको छ। विगत पाँच वर्षको वैदेशिक अनुदानको विवरण यस प्रकार छ।

तालिका ८ . *विद्यालय शिक्षामा वैदेशिक अनुदानको उपयोग विवरण*

(रु.करोडमा)

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक र प्राथमिक शिक्षा | १८.४१ | २६.४६ | २७.७४ | ३६.६२ | २४.३५ |
| माद्यमिक शिक्षा | ० | ० | ० | ० | ० |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज अनुसुची २७

शिक्षा क्षेत्रमा वैदेशिक अनुदान सामान्य अवस्थामै रहेको छ। विगत पाँच वर्ष देखि विद्यालयतर्फ माद्यमिक शिक्षामा लगानी गर्न छुट्टै वैदेशिक अनुदान लिइएको छैन।

**शैक्षिक उपलब्धिहरु**

शिक्षा क्षेत्रमा गरिएको लगानीबाट प्राप्त शैक्षिक नतिजाहरु नै शैक्षिक उपलब्धीहरु हुन् । विद्यालय शिक्षाबाट विद्यार्थीहरुले प्राप्त गरेको ज्ञान, सिप र क्षमताले नै उनिहरुलाई व्यक्तिगत, सामाजिक र उत्पादनशील क्षेत्रको विकास उच्च बनाउन सहयोगी भूमिकामा उभ्याउँछ । वालवालिकाहरु लाई असल नागरिक बनाउने र मानवपूँजी विकास गर्ने लक्ष्यका साथ विद्यालय शिक्षामा लगानी बढाइएको हुन्छ । शिक्षा क्षेत्रमा गरिएको लगानीबाट प्राप्त हुने

प्रतिफलको मूल्याङ्कन गर्ने काम निश्चय नै जटिल प्रकृतिको छ । शिक्षाको गुणस्तर निर्धारण गर्ने काम निश्चय नै जटिल प्रकृतिको छ । शिक्षाको गुणस्तर अनुगमन गर्न विद्यार्थीको सिकाई स्तरको मापन आवश्यक पर्छ ।

राष्ट्रिय रुपमा सिकाई उपलब्धिको परिक्षण गर्ने प्रचलन विश्वव्यापी रुपमा सन् १९९० को दशक देखि शुरु भएको थियो । नेपालले सन् ११९० को पछिल्लो अवधिबाट नेपालमा यस्तो प्रयास शुरु गरेको पाइन्छ । समग्र शिक्षा प्रणालिको लक्ष्य विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु भएकोले विद्यार्थीको सिकाइको उपलब्धि स्तरलाई समग्र शिक्षा प्रणालीको प्रभावकारितासँग जोडर हेर्ने गरिन्छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३, पेज १) । नेपालमा शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित आधारभूत तथा प्राथमिक शिक्षा परियोजना मार्फत सन् १९९७ बाट सिकाई उपलब्धि परिक्षण कार्यको थालनी भएको हो । यस पश्चात शिक्षा मन्त्रालय तथा शिक्षा विभाग अन्तर्गत विभिन्न परमर्शदात्री संस्था मार्फत कक्षा ३, ४, ५, ८ र १० का विभिन्न विषयहरुमा उपलब्धि परीक्षणहरु सम्पन्न भएका थिए (ऐ.ऐ., पेज ३) । शैक्षिक गुणस्तर परिक्षण गर्न स्थापित केन्द्रले विद्यालय शिक्षामा भएको नजिताको विश्लेषण गर्ने, यसको आधारमा विभिन्न विषयहरुमा विषयगत उपलब्धिको अध्ययन गरिने, उपलब्धिलाई छात्रा, छात्रको तथा सामुदायिक र संस्थागत विद्यालयहरुको समेत तुलनात्मक अध्ययन गर्ने गरेको देखिन्छ । तथ्याङ्कगत आधारमा शैक्षिक उपलब्धिहरुको अध्ययन व्याख्या र विश्लेषण गर्ने विभिन्न सुचकहरुको अध्ययन जरुरी हुन्छ । शिक्षामा विद्यालय क्षेत्रमा भएको लगानीको प्रतिफल साक्षरता दर, स्तरोन्नती तथा पास भएको अवस्थालाई समेत आधार बनाएर गरिन्छ । नेपालमा विगत पाँचवर्षको समयावधिमा साक्षरता दरमा भएको परिवर्तन निम्नानुसार तालिकामा देखाएको छ ।

तालिका ९, *विभिन्न वर्षमा साक्षरता दरमा भएको उपलब्धिहरु*

(प्रतिशतमा)

| सुचक/वर्ष | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|
| साक्षरता दर ६+ वर्ष | ६५.९ | ६५.९ | ७८ | ७८ | ७८ |
| साक्षरता दर १५-२४ वर्ष | ८४.७ | ८४.७ | ८८.६ | ८८.६ | ८८.६ |
| साक्षरता दर १५+ वर्ष | ५६.५ | ५७ | ५७ | ५७ | ५७ |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज १२८

समग्र शैक्षिक क्षेत्रलाई अध्ययन गर्दा उमेर समुह अनुसार विगत पाँच वर्षमा साक्षरता दरमा वृद्धि भएको छ । यसले लेखपढमा भएको वृद्धिलाई देखाउँछ । १५ वर्ष देखी २४ वर्ष उमेर समुहका व्यक्तिहरु मध्ये २०७१ सालमा ८४.७ प्रतिशत साक्षर भएकोमा २०७५ सालमा पुग्दा यसमा वृद्धि भएर ८८.६ प्रतिशत भएको छ । त्यसैगरी ६ वर्ष बढि उमेरको समुहको साक्षरता प्रतिशत २०७५ मा ७८ प्रतिशत रहेको छ । देशमा शिक्षा क्षेत्रमा भएको लगानीले साक्षर प्रतिशतमा वृद्धि ल्याएको छ । विद्यालय तहमा अध्ययन गर्न भर्ना भएका विद्यार्थी र विद्यार्थीहरुको शैक्षिक सत्रको अन्तिम अवस्था सम्मको टिकाउ दरमा भएका उपलब्धिहरु निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका १०. *विद्यालयमा भर्ना भएका विद्यार्थी र टिकाउ दर*

(प्रतिशतमा)

| सुचकहरु/वर्ष | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ |
|---|---|---|---|---|---|
| खुद भर्ना दर(कक्षा १-८) | ८७.६ | ८९.४ | ९१ | ९२.३ | ९२.७ |
| कक्षा ८मा टिकाउदर | - | ७६.६ | ७५.९ | ७७.४ | ७७.९ |
| खुद भर्ना दर (९-१२) | ३४.७ | ३७.७ | ३८.९ | ४३.९ | ४६.४ |
| कक्षा १० सम्मको टिकाउ दर | - | ३७.९ | ४५.२ | ५७.१ | ५८.४ |
| कक्षा १२ सम्मको टिकाउ दर | - | ११.५ | - | १७.२ | २२.२ |

स्रोत : अर्थ मन्त्रालय, २०७६ पेज.१२८

विद्यालयमा विद्यार्थी भर्ना दर तर्फ आधारभुत तह (कक्षा १-८) मा उल्लेखनिय दरमा वृद्धि भएको छ । २०७१ मा खुद भर्ना दर ८७.६ प्रतिशत भएकोमा यसमा वृद्धि हुँदै २०७५ मा पुग्दा ९२.७ प्रतिशत भएको छ भने विद्यालय भर्ना गरि अध्ययन अवधि पूरागर्ने टिकाउ दरमा समेत वृद्धि भएको छ । २०७१ को तथ्याङ्क नपाइएपनि २०७२ बाट समेत वृद्धि भएको छ । त्यसैगरी माद्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दर समेत उल्लेख्य रुपमा वृद्धि हुँदै गएको छ । माद्यमिक तर्फको २०७२ सालमा विद्यार्थी टिकाउदर कक्षा-१० सम्मको ३७.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ११.५ प्रतिशत मात्र छ । यद्यपि २०७५ सम्मको कक्षा १० सम्मको टिकाउमा बढेर ५८.५ प्रतिशत पुगेको छ भने कक्षा १२ सम्मको टिकाउदर समेत वृद्धि भएर २२.२ प्रतिशत पुगेको छ ।

माद्यमिक विद्यालय तर्फको SEE (साविकको SLC) परीक्षामा सामेल हुने विद्यार्थीहरुको नतिजा प्रकाशित हुँदा २०७१ सालसम्म परम्परागत ढंगले उत्तिर्ण र अनुतिर्ण गरेर विद्यार्थी छुटयाइन्थ्यो र प्रतिशतको आधारमा विशिष्ट, प्रथम, द्धितिय, तृतीय र असफल भनिने परिपाटि थियो भने २०७२ सालबाट यो परिपाटिमा परिवर्तन गरि अक्षरांकन पद्धतिको सुरुआत भयो । यो पद्धतिमा प्रतिशतलाई विस्तापित गरेर GPA प्रणाली लागु गरिएको छ । विद्यालय तर्फको कक्षा १० पुरा गरेका विद्यार्थीको उपलब्धी निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका ११. *नियमित तर्फ SEE (साविक SLC) को परीक्षामा सम्मिलित र उत्तिर्ण विद्यार्थीहरुको विवरण*

| वर्ष | सम्मिलित संख्या | उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| २०६९ | ४०३९३६ | १६७९३५ | ४१.५७ |
| २०७० | ३९४९३३ | १७३४३६ | ४३.९२ |
| २०७१ | ४०४३३८ | १९२२६७ | ४७.४३ |
| २०७२ | ४३७३२६ | ४३३५९१ | - |
| २०७३ | ४४५५६४ | ४४२९६७ | - |
| २०७४ | ४६३७०० | ४५५४६२ | - |
| २०७५ | ४५९२७५८ | ( | ( |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज अनुसुची १०९

* स्रोत : गोरखापत्र, २०७६, प्यारा. १ ।

साविक SLC तर्फको परीक्षाको नतिजा २०६९ देखि क्रमश ४१.५७, ४३.९२, ४७.४३ प्रतिशत हुँदै २०७१ सम्म पुग्दा बढ्दै गएकोमा २०७२ साल देखि SEE (Secondary Education Examination) नाम गरेर अक्षरांकन पद्धति शुरु भएपछि उत्तिर्ण र अनुत्तिर्णको प्रणाली हटिसकेको छ । यसको सट्टामा आएको GPA प्रणालीमा समेत GPA 2.00 भन्दा कम आउनेको प्रतिशत उल्लेख्य रहेको छ । विद्यालय शिक्षा अर्न्तगत कक्षा-११ र कक्षा-१२ मा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या समेत उल्लेख्य रुपमा वृद्धि हुँदै गएको छ । कक्षा ११ र १२ को परीक्षामा सम्मिलित र उत्तिर्ण विद्याथीहरुको संख्या तालिकामा प्रस्तुत छ ।

तालिका १२. *कक्षा ११ र १२ मा वार्षिक परीक्षामा सम्मिलित र उत्तिर्ण विद्यार्थिहरुको संख्या*

| वर्ष | कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|---|
| | सम्मिलित | उत्तिर्ण | प्रतिशत | सम्मिलित | उत्तिर्ण | प्रतिशत |
| २०६९ | २८५२७७ | ११३९५३ | ४०.०० | २६१७७६ | ११०९६६ | ४२.४० |
| २०७० | २६४७५१ | १०५३८३ | ३९.८० | २५१४१५ | १११३५४ | ४४.२९ |
| २०७१ | २२५३७३ | १०६५१७ | ४७.८७ | २२८२२४ | १००६३० | ४४.०९ |
| २०७२ | २७३४९० | १६३८४७ | ४३.८७ | ३८३६८८ | १३९५६२ | ३६.३७ |
| २०७३ | २६६३४४ | १३६०९३ | ५१.१० | २१६१९८ | ११४१६५ | ५२.८१ |
| २०७४ | ३४७७४८ | ग्रेड | - | २३७५८१ | ११७३२७ | ४९.३८ |
| २०७५ | ३३२८९१ | ग्रेड | - | २९९६७५ | ग्रेड | - |

स्रोत : अर्थ मन्त्रालय,२०७६, पेज अनुसुची ११०

कक्षा ११ र कक्षा १२ को वार्षिक परीक्षाको नतिजा अनुसार औषत परीक्षार्थी ५०.०० प्रतिशत भन्दा कम मात्र उत्तिर्ण भएको पाइन्छ भने कक्षा ११ को २०७४ साल देखि र कक्षा १२ को २०७५ साल देखि ग्रेड प्रणालीमा गएको छ, जसको नतिजा GPA मा आउने हुँदा GPA : 2.00 भन्दा कम र बढि ल्याउने भनि आधार तयार गर्न सकिन्छ । शैक्षिक क्षेत्रको उपलब्धीहरुलाई विश्लेषण गर्दा प्रत्यक्ष शैक्षिक उपलब्धीहरु र प्रत्यक्ष आर्थिक उपलब्धी समेत गरेर शिक्षा क्षेत्रमा भएको सरकारी लगानीको अध्ययन, विश्लेषण गर्न सकिन्छ । व्यक्तिगत, सामाजिक क्षेत्रमा शिक्षामा गरिएको लगानीले उपलब्धी हासिल गरेको तथ्याङ्कहरुबाट प्रष्ट हुन्छ । त्यसैगरी कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको योगदान (उपलब्धी) हरेक वर्ष परिवर्तन भइरहेको छ । विगत पाँच वर्षको कुल गार्हस्थ उत्पादनको आर्थिक वृद्धिदरमा शिक्षा क्षेत्रको योगदानलाई निम्न तालिकाबाट थप प्रष्ट पार्न सकिन्छ ।

तालिका १३. *कुल गार्हस्थ उत्पादनको वृद्धि दरमा शिक्षा क्षेत्रको योगदान (स्थिर मूल्यमा)*

(प्रतिशतमा)

| वर्गिकरण/वर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| शिक्षा | ४.८१ | ५.०९ | ७.३३ | ७.३९ | ५.०२ |

स्रोत : अर्थ मन्त्रलाय, २०७६, पेज अनुशुची १)

गार्हस्थ उत्पादनमा शिक्षाको योगदान आ.व. २०७०/७१ मा ४.८१ प्रतिशत रहेकोमा हेरक वर्ष वृद्धि हुँदै आ.व. २०७३/७४ मा ७.३९ प्रतिशत पुग्दा आ.व. २०७४/७५ मा भने घटेर ५.०२ प्रतिशत मात्र भएको छ । त्यसैगरी प्रचलित मूल्यमा शिक्षा क्षेत्रको कूल उत्पादनमा योगदान निम्न तालिकाबाट प्रष्टपार्न सकिन्छ ।

तालिका १४. *प्रचलित मूल्यमा कुल उत्पादन (शिक्षा क्षेत्रको)*

(रु. दश लाखमा)

| वर्गिकरण वर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| शिक्षाको योगदान | १४३७८७ | १५८०८० | १७०५८५ | २२३००२ | २५५६२५ |

स्रोत : अर्थ मन्त्रालय, २०७६, पेज अनुसुची २

शिक्षा क्षेत्रमा भएको लगानीले सरकारी तथा गैर-सरकारी दुवै क्षेत्रबाट हुने उत्पादनको मूल्यमा बृद्धि भइरहेको छ । आ.व. २०७०/७१ मा रु १४३७८७ लाख भएको प्रचलित मूल्यमा शिक्षा क्षेत्रको कूल उत्पादनमा वृद्धि हुँदै आ.व. २०७४/७५ मा पुग्दा रु. २५५६२६ लाख हुन पुगेको छ । शिक्षा क्षेत्रबाट व्यक्तिगत, सामाजिक, आर्थिक रुपमा वृद्धिदर प्राप्त भइरहेको छ ।

## सारांस र निष्कर्ष

अनौपचारिक शिक्षा प्रणालीको विकासक्रम देखी नै शिक्षा प्राप्ती गर्नु पर्ने विषय सर्व स्वीकार्य बन्यो । शिक्षा दिने, लिने क्रम औपचारिक पद्धतिमा प्रवेश गरेपछि शिक्षा क्षेत्रको गुणस्तरमा भएको वृद्धिले शिक्षा प्राप्ति थप प्रतिस्पर्धात्मक हुँदै गयो । विभिन्न मूलुकहरुले शिक्षालाई सर्वसुलभ बनाउन प्रयास थाले । नेपालमा हिन्दु बौद्धिक शिक्षा परम्परागत रुपमा लामो समयसम्म कायम रह्यो । राजनैतिक कारणले समेत शिक्षा क्षेत्रमा आधुनिक युगको सुरुआत हुन समय लाग्यो । वि.सं. २००७ मा कूल जनसंख्यामा साक्षरता प्रतिशत २ प्रतिशतको हाराहारीमा सिमित रहेको नेपालमा त्यसपछि भएका प्रयासहरुले वि.सं. २०७५ सम्ममा साक्षरता दर (१५+वर्ष) ५७ प्रतिशत भएको छ । नेपालको संविधान-२०७२ले शिक्षाको हक अन्तरगत विद्यायलय शिक्षा निः शुल्क गरेपछि शिक्षामा सरकारको बजेट बढेको छ । विद्यालयमा शिक्षा तर्फ वि.सं २०७५ मा पुग्दा ५७.०६ प्रतिशत छुट्याइएको पाइन्छ । यसले विद्यालय शिक्षा क्षेत्रको विकासको अवस्थालाई देखाउछ । शिक्षा प्रणालिमा समेत परिवर्तन गरेर विद्यालय शिक्षातर्फ आधारभूत (कक्षा १-८) र माद्यमिक (कक्षा ९-१२) बनाए पछि परम्परागत कक्षा-१० सम्मको विद्यालय शिक्षा कक्षा-१२ सम्मको १२ वर्षे भएको छ । अध्ययनले शिक्षा क्षेत्रमा छुट्याइएको बजेटले शैक्षिक क्षेत्र सँग-सँगै आर्थिक उन्नतीको क्षेत्रमा महत्वपूर्ण उपलब्धीहरु हासिल गर्ने देखाएको छ । यद्यपी विद्यालय शिक्षामा पर्याप्त विकास हुन सकेको देखिदैन ।

२०७१ देखि २०७५ सम्मका प्रमुख तथ्याङ्क र अन्य तथ्याङ्कहरुले शैक्षिक उपलब्धी तथा गार्हस्थ उत्पादनमा शिक्षाको योगदान बढ्दै गएको देखाएका छन् ।

विद्यालय शिक्षामा गरेको लगानीलाई बढि उपलब्धीमुलक बनाउन आगामी आ.व. २०२२/२३ सम्मको लागि दिर्घकालिन विद्यालय क्षेत्र विकास योजना र यसमा लाग्ने लागत अनुमान गरेको छ । दीर्घकालिन सोच राखेर ल्याएको कार्यक्रमले विद्यालय शिक्षामा गुणात्मक फड्को मार्न सघाउ पुऱ्याउने देखिन्छ । सामुदायिक विद्यालय तर्फ मात्र सरकारी लगानी केन्द्रित हुदा विद्यालयमा पढाउने कूल शिक्षकको ७२.५० प्रतिशत शिक्षक सामुदायिक विद्यायलयमा छन् । विद्यार्थी संख्यातर्फ आ.व. २०७४/७५ मा पुग्दा सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा पढ्ने कुल विद्यार्थीको संख्या सात लाख पन्ध हजार पुगेको छ । राष्ट्रिय बजेटबाट आ.व. २०७४/७५ मा शिक्षा बजेट १२६६ करोड मध्ये ७५ प्रतिशत भन्दा बढि विद्यालय शिक्षामा गएको छ । साक्षरता दर (६+ वर्ष) को वि.सं २०७५ सालमा ७८ प्रतिशत मानिएको छ भने १५-२४ वर्ष उमेर समुहमा ८८.६ प्रतिशत छ । विद्यालयमा भर्ना भएका विद्यार्थी दरमा सुधार भएर वि.सं. २०७५ सालमा आइपुग्दा आधारभूत कक्षाको खुद भर्नादर ९२.७ प्रतिशत र माद्यमिक कक्षामा ४७.४ प्रतिशत भएको छ । माद्यमिक तहतर्फ कक्षा १० मा SLC को नतिजा विगत वर्षहरुमा औषत ५० प्रतिशत हाराहारी उत्तिर्ण हुदै आएको मा वि.सं २०७२ साल देखि GPA मा आधारित SEE परिक्षाबाट अक्षरांकन पद्धति शुरु भएको छ । कक्षा ११ र १२ को वार्षिक परिक्षा समेत GPA पद्धतिबाट शुरु भएको छ । विद्यालय परिक्षाको नतिजा सुधारोन्मुख छ । विद्यालय शिक्षा तर्फको शैक्षिक उपलब्धीहरुमा सुधार हुँदै जान सक्ने देखिन्छ । देशको गार्हस्थ उत्पादनमा शैक्षिक क्षेत्रको योगदान वि.सं. २०७१ मा ४.८१ प्रतिशत रहेकोमा क्रमिक वृद्धि हुँदै वि.सं २०७५मा पुग्दा ५.०२ प्रतिशत पुगेको छ । शिक्षा क्षेत्रले व्यक्तिगत र सामाजिक उपलब्धीहरु सँगै आर्थिक वृद्धिदरमा समेत सुधार गर्न सहयोग पुऱ्याएको छ ।

विद्यालय शिक्षामा सरकारी लगानीको ठूलो हिस्सा केन्द्रित हुदा समेत सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयहरुमा मात्र लगानी बढदो छ । विद्यालय शिक्षामा गरिएको लगानीको तुलनामा SEE तथा कक्षा ११ र कक्षा १२ को प्रतिफल धेरै राम्रो हुन सकेको छैन । विगतमा विद्यार्थी संख्याको पचास प्रतिशत हाराहारी विद्यार्थीमात्र उत्तीर्ण हुने प्रवृत्तिलाई GPA पद्धतिले सुधार गर्ने भन्दा पनि ढाकछोप गर्ने काम मात्र भएकोले यसबाट विश्वमा प्रतिस्पर्धा गर्न सक्ने मानव साधन तयार हुन्छ भन्नेमा पूर्ण विश्वास लिन सकिदैन । शिक्षामा भएको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न शिक्षामा गरिएको लगानीको समिक्षा गर्नु जरुरी छ । शिक्षा प्रणालीमा संरचनागत सुधार, सुक्ष्म नेतृत्व समता मूलक शिक्षा प्रणाली र गुणस्तर सुधारका कार्यक्रमबाट पर्याप्त सुधार गरी विद्यालय शिक्षा विश्व स्तरिय बनाउन सकिने आधार देखिन्छन् । विद्यालय क्षेत्रमा पर्याप्त सुधारका कार्यक्रम लागु गरिनु पर्छ । विद्यालय क्षेत्रको नेतृत्वमा सक्षम व्यक्ति पुग्नु पर्छ । देशको गार्हस्थ उत्पादन र शिक्षामा वृद्धि पूऱ्याउन पारदर्शी खर्च प्रणाली र अनुगमनको समेत जरुरी छ ।

**सन्दर्भ सामाग्री**

अधिकारी, प्रकृति (२०७६) शिक्षामा अभिभावकको लगानी सबैभन्दा बढि *गोरखापत्र अनलाईन डट कम* Retrived on July 2, 2019, website: www. gorkhapatraonline.com/news/20464.

अर्थ मन्त्रालय (२०७६) *आर्थिक सर्वेक्षण २०७५/७६* काठमाण्डौं : नेपाल सरकार अर्थ मन्त्रालय संहदरबार ।

औपचारिक शिक्षा केन्द्र (२०६४) *अनौपचारिक शिक्षाको स्रोत सामाग्री-२०६४* भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय अनौपचारिक शिक्षा केन्द्, सानोठिमी ।

कोइराला, विद्यानाथ (२०६१) सन्दर्भ, सोच र बुझाइमा अल्झेको नेपाली सामुदायिक विद्यालय *शैक्षिक मर्मिरे* काठमाण्डौं : जिल्ला शिक्षा कार्यलय ।

गोरखापत्र (२०७६), *गोरखापत्र अनलाईन डट कम* Retrived on July 2, 2019, website: www.gorkhapatraonline.com/mustread/see- result.

बुढाथोकी, गजेन्द्र (२०७२) शिक्षामा लगानी र प्रतिफल बीच खाडल, *इडु खबर डट कम (२०७२ फागुन ७ गते)* Retrieved on July 3,2019, website :www. edukhabar.com/news/2271.

नेपाल कानुन आयोग (२०७५) *अनिवार्य तथा नि:शुल्क सम्बन्धि ऐन, २०७५* Retrieved on July 13, 2019. website:www.lawcommission.gov.np/np/wp-content/uploads/2018/10/ अनिवार्य-शिक्षा-२. pdf.

नेपाल सरकार (२०७२) *नेपालको संविधान* काठमाण्डौं : संविधान सभा सचिवालय सिंहदरवार ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन* काठमाण्डौं : राष्ट्रिय शिक्षा आयोग, केशरमहल ।

शिक्षा मन्त्रालय (२०६९) *शैक्षिक सुचना काठमाण्डौं :* नेपाल सरकार शिक्षा मन्त्रालय, केशरमहल ।

शिक्षा मन्त्रालय (२०७३ क) *विद्यालय क्षेत्र विकास योजना वि.सं २०७३/७४- २०७९/८०* काठमाण्डौ: नेपाल सरकार शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०७३ ख) *शैक्षिक सुचना काठमाण्डौं :* नेपाल सरकार शिक्षा मन्त्रालय सिहदरवार ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३) *विद्यार्थी उपलब्धिको सङ्क्षिप्त तुलनात्मक प्रतिवेदान, २०७३* भक्तपूर : नेपाल सरकार शिक्षा मन्त्रालय शैक्षिक गुणस्तर परीक्षाण केन्द्र सानोठिमी ।

श्रेष्ठ, इन्दिरा (२०६४) महिला शिक्षा : एक पुनरावलोकन र अब लिनुपर्ने निति *गन्तव्य वर्ष १ अङ्क १ २०६४* काठमाण्डौं : नेपाल प्रगतिशील प्राध्यापक संगठन, केन्द्रिय समिति, बल्खु ।

श्रेष्ठ, चन्द्रबहादुर (२०७४) शिक्षामा समता र समानता *शिक्षक जर्नल Volume 12 No.1 April 2017 Issue 12.* काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय शिक्षा संकाय महेन्द्ररत्न क्याम्पस ताहाचल ।

Ministry of Education, Science And Technology (2018 AD) *Education in Figures 2017 (At a glance report)*. Kathmandu : Ministry of education, science and Technology planning and monitoring division (statistics, policy and research section, Singhadurbar.

Shrestha, Devendra P. and Bhattrai D. (2015 A.D.) Investement in Education and it's Impact on Economy of Nepal (An empirical analysis of educational spending to agriculture productivity. *Journal of Advanced Academic Research (JAAR). Vol .2 No. 11 2015*

Tamang, P. (2011 A.D.) The Impact of Education Expenditure on India's Economic Growth. *Journal of International Academic Research Vol.11, No.3, Dec.2011.*

UNESCO (2004 AD) School evaluation for quality improvement. *An ANTRIEP report.* Kualalumpur Malaysia 2-4, July 2002. Retrieved on July 2, 2019 website: https :// unesdoc. unesco.org/ark./48223/pf0000139804